# आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको

## तेस्रो त्रैमासिक समीक्षा

**नेपाल राष्ट्र बैंक**

केन्द्रीय कार्यालय

बालुवाटार, काठमाडौं

# विषय-सूची

पृष्ठभूमि ........ १
मौद्रिक नीतिको दोस्रो त्रयमाससम्मको कार्यान्वयन स्थिति ........ १
विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य ........ १
आन्तरिक आर्थिक तथा वित्तीय स्थिति ........ २
मुद्रास्फीति ........ २
बाह्य क्षेत्र ........ ३
सरकारी वित्त ........ ३
मौद्रिक तथा वित्तीय क्षेत्र ........ ३
आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य ........ ४
आर्थिक वृद्धि एवम् गतिविधि ........ ४
मुद्रास्फीति ........ ५
वाह्य क्षेत्र ........ ५
मौद्रिक तथा वित्तीय क्षेत्र ........ ५
नीतिगत व्यवस्था ........ ६

# आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा

## पृष्ठभूमि

१. आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने मूलभूत उद्देश्यका साथ २०८१ साउन ११ गते सार्वजनिक गरिएको आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा २०८१ मंसिर १४ गते एवम् अर्द्धवार्षिक समीक्षा २०८१ फागुन १३ गते गरिएको थियो। मौद्रिक नीतिको तेस्रो त्रयमाससम्मको कार्यान्वयन स्थिति, आन्तरिक तथा बाह्य आर्थिक एवम् वित्तीय अवस्था एवम् चालु आर्थिक वर्षको बाँकी अवधिको समष्टिगत आर्थिक परिदृश्यका आधारमा मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा गरिएको छ।

## मौद्रिक नीतिको तेस्रो त्रयमाससम्मको कार्यान्वयन स्थिति

२. मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गर्ने र मुद्रास्फीतिलाई ५ प्रतिशतको हाराहारीमा राख्ने नीति लिइएकोमा सोही अनुरुप चालु आर्थिक वर्षको नौ महिनासम्मको औसत उपभोक्ता मुद्रास्फीति ४.५७ प्रतिशत रहेको छ।

३. चालु खाता तथा शोधनान्तर बचत उच्च रहन गएका कारण विदेशी विनिमय सञ्चितिमा उल्लेख्य वृद्धि भएको छ। कम्तिमा ७ महिनासम्मको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०८१ चैत मसान्तमा करिव १४.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम रहेको छ।

४. आर्थिक वर्ष २०८१/८२ मा विस्तृत मुद्राप्रदाय १२.० प्रतिशतसम्म र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमाथिको दावी १२.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएकोमा २०८१ चैत मसान्तमा वार्षिक बिन्दुगत आधारमा विस्तृत मुद्राप्रदाय ११.६ प्रतिशतले र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमाथिको दावी ८.१ प्रतिशतले वृद्धि भएको छ।

५. मौद्रिक उपकरणहरुको कार्यान्वयनमार्फत खुला बजार कारोबार थप प्रभावकारी बनाउँदै लगिएको छ। बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दरलाई ब्याजदर करिडोरभित्रै राख्ने नीतिअनुरुप २०८१ चैतमा भारित औसत अन्तरबैंक दर ३.०० प्रतिशत रहेको छ। ब्याजदर करिडोर कायम राख्न २०८१ चैतसम्ममा कारोबारको आधारमा रु.१७१ खर्ब ८३ अर्ब ४५ करोड बराबरको खुद तरलता प्रशोचन गरिएको छ।

६. आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति तथा मौद्रिक नीतिको आवधिक समीक्षामा गरिएका वित्तीय क्षेत्र तथा विदेशी विनिमयसँग सम्बन्धित अधिकांश नियामकीय व्यवस्थाहरु कार्यान्वयनमा आएका छन्।

## विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य

७. कोभिड-१९ महामारी र भूराजनीतिक तनावका कारण शिथिल बनेको विश्व अर्थतन्त्रमा सुधारका संकेतहरु देखिएतापनि पछिल्लो समय ठूला अर्थतन्त्रहरुको व्यापारिक द्वन्द्वका कारण केही अनिश्चितता देखापरेका छन्। संयुक्त राज्य अमेरिकाको परिवर्तित वैदेशिक व्यापार र सहयोग नीतिले विश्व अर्थतन्त्रमा प्रभाव पर्न सक्ने देखिन्छ। तथापि, पछिल्ला दिनहरुमा संयुक्त राज्य अमेरिका र त्यसका व्यापारिक साझेदारहरुबीच द्विपक्षीय व्यापार सम्झौता हुँदै गएकाले अन्तर्राष्ट्रिय व्यापारमा देखिएको अनिश्चितता क्रमशः हट्दै जाने अनुमान छ।

८. विश्वको आर्थिक वृद्धिदर सन् २०२४ मा ३.३ प्रतिशत रहेकोमा सन् २०२५ मा २.८[१] प्रतिशतमा खुम्चने प्रक्षेपण रहेको छ । पछिल्लो समय विकसित व्यापार नीति र भन्सार महशुलका कारण अन्तर्राष्ट्रिय मुद्रा कोषले २०२५ जनवरीको तुलनामा २०२५ अप्रिलको आर्थिक वृद्धिको प्रक्षेपण ०.५ प्रतिशत बिन्दुले घटाएको छ ।

९. सन् २०२४ मा १.८ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्र सन् २०२५ मा १.४ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ । त्यसैगरी, सन् २०२४ मा ४.३ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर सन् २०२५ मा ३.७ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ । सन् २०२४ मा भारत र चीनको अर्थतन्त्र क्रमशः ६.५ प्रतिशत र ५.० प्रतिशतले विस्तार भएकोमा सन् २०२५ मा क्रमशः ६.२ प्रतिशत र ४.० प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ ।

१०. सन् २०२४ मा ५.७ प्रतिशत रहेको विश्वको उपभोक्ता मुद्रास्फीति सन् २०२५ मा ४.३ प्रतिशत रहने प्रक्षेपण कोषले गरेको छ । विकसित अर्थतन्त्रको मुद्रास्फीति सन् २०२४ मा २.६ प्रतिशत रहेकोमा सन् २०२५ मा २.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण छ । उदीयमान तथा विकासशील अर्थतन्त्रको मुद्रास्फीति सन् २०२४ मा ७.७ प्रतिशत रहेकोमा सन् २०२५ मा ५.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण छ । यद्यपि, संयुक्त राज्य अमेरिकाले विश्वका अधिकांश देशका लागि घोषणा गरेको नयाँ भन्सार दरले मुद्रास्फीतिमा दवाव पर्ने कोषको विश्लेषण छ ।

११. पछिल्ला महिनाहरुमा मुद्रास्फीति कम हुन थालेसँगै विश्वका अधिकांश मुलुकहरुले मौद्रिक नीतिको कार्यदिशालाई सहज बनाउँदै लगेका छन् । युरोपियन केन्द्रीय बैंकले निक्षेप सुविधा दरलाई सन् २०२५ अप्रिलमा थप २५ आधार बिन्दुले कटौती गरी २.२५ प्रतिशत कायम गरेको छ । भारतीय रिजर्भ बैंकले सन् २०२३ फेब्रुअरीदेखि ६.५ प्रतिशतमा स्थिर राख्दै आएको नीतिगत दरलाई सन् २०२५ फेब्रुअरीमा २५ आधार बिन्दुले कटौती गरी ६.२५ प्रतिशत कायम गरेकोमा सन् २०२५ अप्रिलमा थप २५ आधार बिन्दुले घटाई ६ प्रतिशतमा राखेको छ । तर, अमेरिकी फेडरल रिजर्भले भने फेडरल फण्ड्स रेटलाई सन् २०२४ डिसेम्बरमा घटाएर ४.२५-४.५० प्रतिशत कायम गरेकोमा सोही दरलाई सन् २०२५ मेको बैठकबाट समेत निरन्तरता दिएको छ । आर्थिक अनिश्चितता र बजार अस्थिरता बढेका कारण मुद्रास्फीति माथिको जोखिम उच्च रहेकोले नीतिगत दर यथावत् राखेको फेडरल रिजर्भले जनाएको छ ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थिति

### मुद्रास्फीति

१२. चालु आर्थिक वर्षको नौ महिनासम्मको अवधिमा औसत उपभोक्ता मुद्रास्फीति वाञ्छित सीमाभित्रै रहेको छ । आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा औसत मुद्रास्फीति ४.५७ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा औसत मुद्रास्फीति ५.९२ प्रतिशत रहेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ चैतमा उपभोक्ता मुद्रास्फीति ३.३९ प्रतिशत रहेको छ, जुन २०८० चैतमा ४.६१ प्रतिशत रहेको थियो । २०८१ चैतमा खाद्यान्न समूहको मूल्य वृद्धि २.४५ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धि ३.९० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा खाद्यान्न समूहको मूल्य वृद्धि ५.२२ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धि ४.२० प्रतिशत रहेको थियो ।

१३. वार्षिक बिन्दुगत थोक मुद्रास्फीति २०८१ चैतमा ४.२० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.९४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा तलब तथा ज्याला सूचकाङ्क २.६२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क ५.३४ प्रतिशतले बढेको थियो ।

---

[१] *वर्ल्ड इकोनोमिक आउटलुक (अप्रिल, २०२५), अन्तर्राष्ट्रिय मुद्राकोष ।*

## बाह्य क्षेत्र

१४. आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा चालु खाता रु.२१० अर्ब २२ करोडले र शोधनान्तर रु.३४६ अर्ब २३ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रु.१७९ अर्ब ८३ करोडले र शोधनान्तर रु.३६५ अर्ब १६ करोडले बचतमा रहेको थियो ।

१५. आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा कुल वस्तु निर्यात ६५.२ प्रतिशतले वृद्धि भई रु.१८८ अर्ब २० करोड पुगेको छ भने वस्तु आयात १२.२ प्रतिशतले वृद्धि भई रु.१३ खर्ब ९ अर्ब ५३ करोड पुगेको छ। समीक्षा अवधिमा व्यापार घाटा ६.४ प्रतिशतले बढेर रु.११ खर्ब २१ अर्ब ३४ करोड पुगेको छ ।

१६. आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा विप्रेषण आप्रवाह अमेरिकी डलरमा ७.३ प्रतिशतले वृद्धि भई ८ अर्ब ७४ करोड (रु.११ खर्ब ९१ अर्ब ३१ करोड) पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर १५.२ प्रतिशत रहेको थियो ।

१७. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि करिब ६ लाख ८ हजारले श्रम स्वीकृति लिएका छन् । आर्थिक वर्ष २०८१/८२ को वैशाख मसान्तसम्ममा ९९ हजार ६ सय ६२ विद्यार्थीले वैदेशिक अध्ययनका लागि No Objection Certificate (NOC) लिएका छन् । साथै, २०२४ अगष्टदेखि २०२५ अप्रिलसम्मको नौ महिनामा ९ लाख १५ हजार पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

## सरकारी वित्त

१८. नेपाल सरकारको समग्र सार्वजनिक वित्त परिचालनमा सुधार हुँदै गएको भएतापनि पुँजीगत खर्च भने अपेक्षित रुपमा हुन सकेको छैन । नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०८१/८२ को दश महिनामा संघीय सरकारको कुल खर्च अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.५ प्रतिशतले बढेर रु.११ खर्ब ५७ अर्ब ८९ करोड पुगेको छ । समीक्षा अवधिमा चालु खर्च ६७.७९ प्रतिशत (रु.७७३ अर्ब २२ करोड), पुँजीगत खर्च ३४.१६ प्रतिशत (रु.१२० अर्ब ३७ करोड) र वित्तीय व्यवस्था खर्च ७१.९६ प्रतिशत (रु.२६४ अर्ब २८ करोड) भएको छ ।

१९. आर्थिक वर्ष २०८१/८२ को दश महिनामा संघीय सरकारको राजस्व परिचालन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.८ प्रतिशतले बढेर रु.९४९ अर्ब ७६ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा राजस्व परिचालन ७.५ प्रतिशतले बढेको थियो ।

२०. नेपाल सरकार, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को दश महिनामा रु.३०१ अर्ब १४ करोड आन्तरिक ऋण र रु.८९ अर्ब ६९ करोड वाह्य ऋण गरी कुल रु.३९० अर्ब ८३ करोड ऋण परिचालन भएको छ । यस अवधिमा कुल रु.२१५ अर्ब ३४ करोड आन्तरिक ऋण भुक्तानी भएकाले आर्थिक वर्ष २०८१/८२ को दश महिनामा रु.८५ अर्ब ८० करोड खुद आन्तरिक ऋण परिचालन भएको छ ।

## मौद्रिक तथा वित्तीय क्षेत्र

२१. शोधनान्तर बचतका कारण मौद्रिक विस्तार मौद्रिक नीतिमा प्रक्षेपण गरिएको हाराहारीमा रहन गएको छ । वार्षिक बिन्दुगत आधारमा २०८१ चैतमा विस्तृत मुद्राप्रदाय ११.६ प्रतिशतले वृद्धि भएको छ। २०८० चैतमा विस्तृत मुद्राप्रदाय १२.४ प्रतिशतले वृद्धि भएको थियो ।

२२. बैंक तथा वित्तीय संस्थाहरु बीचको भारित औसत अन्तरबैंक दर २०८१ चैतमा ३.०० प्रतिशत रहेको छ । २०८० चैतमा भारित औसत अन्तरबैंक दर ३.१० प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८१/८२ को

चैतसम्ममा बोलकबोलमार्फत रु.२२ खर्ब १२ अर्ब ५ करोड र स्थायी निक्षेप सुविधामार्फत रु.१४९ खर्ब ७४ अर्ब १० करोड गरी कुल रु.१७१ खर्ब ८६ अर्ब १५ करोड (कारोबारमा आधारित) तरलता प्रशोचन गरिएको छ । त्यसैगरी, ओभरनाइट तरलता सुविधावापत रु.२ अर्ब ७० करोड उपभोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा मौद्रिक नीतिका विभिन्न उपकरणमार्फत खुद रु.७६६ अर्ब १९ करोड तरलता प्रशोचन भएको थियो ।

२३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ रु.३६१ अर्ब ३ करोड (७.१ प्रतिशत) कर्जा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निजी क्षेत्रतर्फ रु.२२२ अर्ब २१ करोड (४.६ प्रतिशत) कर्जा प्रवाह भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप रु.३६८ अर्ब ४७ करोड (५.७ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप रु.४०९ अर्ब ४ करोड (७.२ प्रतिशत) ले बढेको थियो ।

२४. २०८० चैतमा ८.५१ प्रतिशत रहेको वाणिज्य बैंकहरुको औसत आधार दर २०८१ चैतमा ६.२९ प्रतिशतमा झरेको छ । त्यसैगरी, २०८० चैतमा ६.५३ प्रतिशत रहेको वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर २०८१ चैतमा ४.४५ प्रतिशतमा झरेको छ । २०८० चैतमा १०.५५ प्रतिशत रहेको वाणिज्य बैंकहरुको कर्जाको भारित औसत ब्याजदर २०८१ चैतमा ८.२२ प्रतिशत रहेको छ ।

२५. बैंक तथा वित्तीय संस्थाहरुको निष्कृय कर्जा अनुपात २०८० चैतमा ३.९८ प्रतिशत रहेकोमा २०८१ चैतमा ५.२४ प्रतिशत पुगेको छ । २०८१ चैतमा वाणिज्य बैंकको ५.०५ प्रतिशत, विकास बैंकको ५.५६ प्रतिशत र वित्त कम्पनीको १३.०४ प्रतिशत निष्कृय कर्जा अनुपात रहेको छ। २०८० चैतमा वाणिज्य बैंकको ३.८९ प्रतिशत, विकास बैंकको ३.६३ प्रतिशत र वित्त कम्पनीको १०.४० प्रतिशत निष्कृय कर्जा अनुपात रहेको थियो ।

२६. आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा यस बैंकबाट ३ अर्ब ६३ करोड अमेरिकी डलर खुद खरिदमार्फत रु.४८४ अर्ब ७१ करोड खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ४ अर्ब २६ करोड अमेरिकी डलर खरिदमार्फत रु.५६६ अर्ब ५५ करोड खुद तरलता प्रवाह भएको थियो ।

२७. डिजिटल माध्यमबाट हुने कारोबार विस्तारको क्रममा रहेको छ । मोबाइल बैंकिङ, क्युआर, डिजिटल वालेट लगायतका शीघ्र भुक्तानी (Faster Payment) का उपकरणहरुको दायरा पनि फराकिलो हुँदै गएको छ । समीक्षा अवधिमा Real Time Gross Settlement System (RTGS) मार्फत भएको कारोबार रकम अघिल्लो वर्षको सोही अवधिको रु.२५० खर्ब २७ अर्ब ७५ करोड (कारोबार संख्या ५ लाख ८२ हजार) को तुलनामा ११३.०९ प्रतिशतले वृद्धि भई रु.५३३ खर्ब ३२ अर्ब २८ करोड (कारोबार संख्या ६ लाख ८ हजार) पुगेको छ ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य

### आर्थिक वृद्धि एवम् गतिविधि

२८. आन्तरिक अर्थतन्त्र क्रमशः पुनरुत्थानतर्फ बढेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धि ४.६१ प्रतिशत रहने अनुमान छ। अघिल्लो आर्थिक वर्ष आर्थिक वृद्धि ३.६७ प्रतिशत रहेको थियो ।

२९. अघिल्ला दुई आर्थिक वर्ष उत्पादनमूलक उद्योग, निर्माण र थोक तथा खुद्रा व्यापार उप-क्षेत्रको वृद्धि ऋणात्मक रहेकामा चालु आर्थिक वर्षमा उक्त उप-क्षेत्रहरुको वृद्धि धनात्मक रहने तथ्याङ्क कार्यालयको अनुमान छ। पर्यटक आगमनमा सुधार भएको छ। थोक तथा खुद्रा व्यापारमा विस्तार आएको छ। चालु आर्थिक वर्षको नौ महिनामा मध्यवर्ती उपभोगका सामानको आयात १७.८ प्रतिशतले वृद्धि भएको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा

१०.३ प्रतिशले घटेको थियो । यसबाट समेत आन्तरिक उत्पादन क्षमताको उपयोगमा सुधार हुँदै गएको देखिन्छ ।

३०. नेपाल सरकारले लगानीसँग सम्बन्धित केही कानुनहरुमा सुधार गरेको छ । त्यसैगरी, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले दिएका सुधारसम्बन्धी सुझावहरु कार्यान्वयनका लागि नेपाल सरकारले कार्यान्वयन कार्ययोजना बनाएको छ । नेपाल विद्युत प्राधिकरणका अनुसार आगामी तीन वर्ष जलविद्युत उत्पादनको जडित क्षमता प्रत्येक वर्ष ९०० मेगावाटका दरले थपिने क्रममा रहेको छ । राष्ट्रिय पूर्वाधारका केही आयोजनाहरु सम्पन्न हुने चरणमा रहेका छन् ।

३१. वित्तीय क्षेत्रमा तरलता यथेष्ट रहेको छ भने कर्जाको औसत ब्याजदर पनि एकल बिन्दुमा झरेको छ । उपर्युक्त पृष्ठभूमिमा आगामी दिनमा लगानी वातावरणमा थप सुधार हुने र अर्थतन्त्रको उत्पादन क्षमता विस्तार हुनुको साथै विद्यमान उत्पादन क्षमताको उपयोग पनि बढ्दै जाने देखिन्छ ।

## मुद्रास्फीति

३२. चालु आर्थिक वर्षको नौ महिनामा औसत मुद्रास्फीति ४.५७ प्रतिशत रहेको छ । २०८१ असोजको बाढी/पहिरोबाट भएको क्षतिका कारण आपूर्ति प्रणालीमा व्यवधान आउनुको साथै भारतमा खाद्यान्नको मूल्य उच्च रहेकाले खाद्यान्न समूहको मुद्रास्फीतिमा चाप परेको थियो । यसका कारण चालु आर्थिक वर्षको दोस्रो त्रयमासमा मुद्रास्फीति केही उच्च रहन गएको थियो । अन्तर्राष्ट्रिय बजारमा कच्चा इन्धनको मूल्य घट्दै गएको र खाद्यान्नको मूल्यमा समेत कमी आएकाले चालु आर्थिक वर्षको तेस्रो त्रयमासमा मुद्रास्फीति न्यून रहन गएको छ ।

३३. विश्व भूराजनीतिक तनाव यथावतै रहेको र पछिल्लो समय परिवर्तित अमेरिकी व्यापार नीतिका कारण मुद्रास्फीतिमा चाप पर्ने जोखिम देखिएतापनि पछिल्ला दिनहरुमा ठूला देशहरुबीच द्विपक्षीय व्यापार सम्झौतासमेत हुँदै गएको, पछिल्लो समय पेट्रोलियम पदार्थको मूल्यमा कमी आइरहेको र भारतको थोक तथा खुद्रा मुद्रास्फीतिसमेत घटिरहेकाले चालु आर्थिक वर्षको वार्षिक औसत मुद्रास्फीति लक्षित सीमाभित्र रहने अनुमान छ ।

## वाह्य क्षेत्र

३४. विगत तीन वर्षदेखि सुस्त रहेको वाह्य व्यापारले चालु आर्थिक वर्षदेखि गति लिन थालेको छ । आर्थिक वर्ष २०८१/८२ को नौ महिनासम्ममा वस्तु निर्यात ६५.२ प्रतिशतले र वस्तु आयात १२.२ प्रतिशतले वृद्धि भएको छ । वस्तु निर्याततर्फ मुख्यगरी सोयाविन तेल, पोलिस्टर धागो, ऊनी गलैंचा, जुटका सामान, चिया, लत्ताकपडाको निर्यात बढेको छ । अन्तिम उपभोग्य वस्तुको तुलनामा मध्यवर्ती तथा पुँजीगत वस्तुहरुको आयात बढेकाले यसबाट आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुग्ने अनुमान छ ।

३५. विदेशी विनिमय प्राप्ति तथा खर्चको स्थिति र प्रवृत्तिको विश्लेषण गर्दा चालु आर्थिक वर्षको बाँकी अवधिमा पनि शोधनान्तर बचत कायमै रहने अनुमान छ । वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्यामा भएको वृद्धिका कारण विप्रेषण आप्रवाह सन्तोषजनक रहने अनुमान रहेतापनि आर्थिक गतिविधिमा सुधार हुँदै जाँदा क्रमिक रुपमा आयात वृद्धि भई विदेशी विनिमय सञ्चितिको उपयोग पनि बढ्ने देखिन्छ ।

## मौद्रिक तथा वित्तीय क्षेत्र

३६. आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा बैंक तथा वित्तीय संस्थाहरुबाट रु.३६७ अर्ब ६० करोड थप कर्जा प्रवाह भएकोमा निर्माणतर्फ ११.४ प्रतिशत (रु.२३ अर्ब ६८ करोड), औद्योगिक उत्पादन क्षेत्रतर्फ ९.६ प्रतिशत (रु.७८ अर्ब ९२ करोड), उपभोग्य क्षेत्रतर्फ ८.३ प्रतिशत (रु.८४ अर्ब ३३ करोड) र थोक तथा खुद्रा व्यापार

क्षेत्रतर्फ ५.२ प्रतिशत (रु.५१ अर्ब ५० करोड) कर्जा विस्तार भएको छ। आयात (ट्रष्ट रिसिट) कर्जा ६०.६ प्रतिशतले बढेको छ भने माग तथा अन्य चालु पुँजी कर्जा १७ प्रतिशतले विस्तार भएको छ। शेयर धितोमा प्रवाह हुने मार्जिन कर्जासमेत ३७.८ प्रतिशतले बढेको छ। कर्जा प्रवाहमा भएको क्रमिक वृद्धिले आर्थिक गतिविधि विस्तारमा समेत सहयोग पुगेको छ।

३७. न्यून ब्याजदरका कारण कर्जा प्रवाहमा सुधार हुँदै जाँदा आर्थिक गतिविधिमा सुधार आई बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जा व्यवस्थापन सहज हुँदै जाने अनुमान छ।

३८. समग्र मागमा सुधार आएको छ। अर्थतन्त्रको क्षमता उपयोगमा सुधार आउन थालेको छ। मुद्रास्फीति लक्षित सीमाभन्दा कम रहेको छ। तसर्थ, आर्थिक गतिविधिमा आएको सुधारलाई दिगो बनाउन सहयोग पुग्ने गरी आन्तरिक मागको व्यवस्थापन हुन सकेमा मात्र आर्थिक तथा वित्तीय सन्तुलन कायम राख्न र ब्याजदरमा आउने अस्वाभाविक उतारचढाव नियन्त्रण गर्न सम्भव हुन्छ। यसर्थ, सन्तुलित स्तरमा मौद्रिक तरलता कायम राखी समग्र आन्तरिक माग व्यवस्थापन गर्नेतर्फ मौद्रिक नीतिको जोड रहने छ।

## नीतिगत व्यवस्था

३९. आन्तरिक आर्थिक तथा वित्तीय स्थिति र परिदृश्यका आधारमा मौद्रिक नीतिको कार्यदिशालाई सजगतापूर्वक सन्तुलित राखिएको छ।

४०. नीतिगत दरलाई विद्यमान ५.० प्रतिशत, तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दरलाई ३.० प्रतिशत र ब्याजदर करिडोर अन्तर्गतको माथिल्लो सीमाको रुपमा रहेको बैंक दरलाई ६.५ प्रतिशतमा यथावत राखिएको छ।

४१. विद्यमान अनिवार्य नगद मौज्दात र वैधानिक तरलतासम्बन्धी अनुपातलाई यथावत राखिएको छ। वित्तीय प्रणालीको विद्यमान तरलताको अवस्था र पछिल्लो समय यस बैंकले खुला बजार कारोबार उपकरणहरुमा गरेको सुधारलाई मध्यनजर गरी बैंक तथा वित्तीय संस्थाहरुले दैनिक ९० प्रतिशत न्यूनतम अनिवार्य नगद मौज्दात कायम राख्नुपर्ने व्यवस्था गरिने छ।

४२. विद्यमान सेयर धितो कर्जाको जोखिम भार १२५ प्रतिशतबाट घटाई १०० प्रतिशत कायम गरिने छ।

४३. लगानी वातावरण सुधार गर्ने उद्देश्यले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा भएको पछिल्लो संशोधनका व्यवस्थाहरुलाई समावेश गरी "नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८" जारी गरिनेछ।

४४. बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को संशोधनबमोजिम चेक अनादरसम्बन्धी व्यहोरा प्रमाणित गर्ने कार्यविधि तर्जुमा गरी जारी गरिनेछ।

## अन्त्यमा,

४५. पछिल्लो आन्तरिक एवम् बाह्य आर्थिक स्थिति र परिदृश्यका आधारमा मौद्रिक नीतिको कार्यदिशालाई सन्तुलित बनाइएको छ। आन्तरिक आर्थिक गतिविधि, विदेशी विनिमय सञ्चितिले आयात धान्ने क्षमता एवम् मुद्रास्फीतिको अवस्थालाई दृष्टिगत गरी मौद्रिक उपायहरुमा आवश्यकतानुसार परिमार्जन गरिने छ।

४६. चालु आर्थिक वर्षको मौद्रिक नीतिको त्रैमासिक समीक्षाको क्रममा सहयोग पुऱ्याउने नेपाल सरकारका निकायहरु, उद्योग व्यवसायसँग सम्बन्धित संघ/संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरु, विद्वत वर्ग, सञ्चार माध्यमलगायत सबै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्दै मौद्रिक नीति र यस समीक्षामा व्यवस्था गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सदाझैं सबैको सहयोग रहने यस बैंकको विश्वास रहेको छ।

*जेठ ११, २०८२*